नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:-५५

मितिः-२०८१/०५/११

ने.सं.११४४ गुंलागा ०८

विषयः- मानव अधिकार पुरस्कार सम्वन्धी प्रचारप्रसार सम्वन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मा.अ./७/०९, मिति २०८१/०४/३२ को मानव अधिकार पुरस्कार सम्वन्धी प्रचारप्रसार सम्वन्धी पत्र र सोसाथ प्राप्त कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको पत्र तथा सूचनाको छाँयाप्रति आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload तथा E-mail मार्फत जानकारी गराइदिनु हुन।

दर्ता नम्बर :- ५२

दर्ता मिति :- २०८१/०५/१६

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:२०८१/०८२
च.नं.:- मा.अ./७/०९

मितिः२०८१/०४/३२
ने.स.११४४ गुंलाथ्व, एकादशी

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः मानव अधिकार पुरस्कार सम्बन्धी सूचनाको प्रचारप्रसार सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा उल्लेखनीय योगदान पुर्याउने एक जना व्यक्ति र एउटा संस्थालाई नेपाल सरकारको तर्फबाट "मानव अधिकार पुरस्कार" प्रदान गर्दै आएकोमा यस आ.व. मा समेत मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति र संस्थाहरुलाई आवेदन दिनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मिति २०८१/०४/२९ मा सूचना जारी गरिएंकोमा उक्त सूचना मानव अधिकार क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्था समक्ष पुर्याउनका निमित्त सो को जानकारी सम्पूर्ण स्थानीय तहमा गराई यस महाशाखालाई सूचित गरी सहयोग गरिदिनहुन आदेशानुसार अनुरोध छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त पत्र तथा सूचनाको छाँयाप्रति यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ।

२०८१/०४/३२

बुद्ध लक्ष्मी तामाङ्ग
शाखा अधिकृत (कानून)

स्थानीय तह समन्वय शाखा।

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(................................................शाखा)

प.स.: ०८१।८२, अ.स.

च.नं.: ९९

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
द.नं. १३०१
मिति ४।३१

मिति: २०८१/०४/३०

ने.सं. ११४४ गुंलाथ्य नवमी

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः <u>मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धमा।</u>

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको तर्फबाट विश्व मानव अधिकार दिवसको अवसरमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउनु हुने एकजना व्यक्ति र एउटा संस्थालाई मानव अधिकार पुरस्कार प्रदान गरिंदै आएको व्यहोरा अनुरोध छ। यसै सन्दर्भमा संवत् २०८१ को मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुको दरखास्त आह्वान गरिएको सूचना तँहा कार्यालयको वेभसाइटमा राखी बढी भन्दा बढी मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्था समक्ष पुर्‍याउने कार्यमा सहयोग गरिदिनुहुन उल्लिखित सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०८१।०४।३

(अनुजा दत्त)
शाखा अधिकृत

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

# मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८१/४/२९)

मानव अधिकारको संरक्षण र संवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एक जना व्यक्ति र एउटा संस्थालाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेपाल सरकारको तर्फबाट मानव अधिकार पुरस्कार प्रदान गरिने व्यहोरा सूचित गरिन्छ। संवत् २०८१ मा प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुले मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा उल्लिखित ढाँचामा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आवेदन दिई वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा पठाई मानव अधिकार पुरस्कार छनौट प्रक्रियामा सहभागी हुन आह्वान गरिन्छ ।

इमेल: hrprize@moljpa.gov.np

पुनश्च: मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ यस मन्त्रालयको वेबसाइट (www.moljpa.gov.np) मा राखिएको छ ।

मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।